**Journal of TESON**
3(1), 101-113, December, 2022.

# स्नातकोत्तर तहमा विद्यार्थी उपस्थिति र सहभागिताको मूल्याङ्कन प्रक्रियाप्रति सरोकारवालाको दृष्टिकोण

राजेन्द्र खनाल[8] (पि.एच.डी.)
sauravabhirk@gmail.com

**सार**

यस लेखमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र स्नातकोत्तर तहको सेमेस्टर प्रणालीको आन्तरिक मूल्याङ्कनमा उपस्थिति र सहभागिताको अङ्कनप्रति शिक्षार्थी तथा शिक्षकको दृष्टिकोणलाई प्रस्तुत गरिएको छ। यसमा क्षेत्रीय सर्वेक्षण विधि उपयोग गरिएको छ भने सुविधाजनक नमुना छनोट प्रक्रियाबाट तथ्य सङ्कलन गरिएको छ । यसका लागि शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तहमा अध्यापनरत २५ जना शिक्षक तथा उक्त तहमा अध्ययनरत १०० जना विद्यार्थीलाई नमुनाका रूपमा लिई उनीहरूबाट प्राप्त अभिमतको विश्लेषण गरिएको छ । यस अध्ययनबाट पाठ्यक्रमको प्रावधानअनुरूपको विद्यार्थीहरूको उपस्थितिबापतको अङ्क वितरण प्रक्रिया एवम् त्यसको विश्वसनीयता राम्रो रहेको अभिमत प्राप्त भएको छ। उक्त कथनमा शिक्षकको ९२ प्रतिशत र शिक्षार्थीको ९८ प्रतिशत सकारात्मक प्रतिक्रिया प्राप्त भएको छ। यसले आन्तरिक मूल्याङ्कन प्रक्रियामा उपस्थितिका लागि व्यवस्था गरिएको पाँच अङ्क र त्यसको अङ्कन प्रणालीप्रति शिक्षक एवम् शिक्षार्थी विश्वस्त भएको प्रमाणित गर्दछ भने त्यसको सान्दर्भिकता पनि पुष्टि हुन्छ। अर्कातर्फ आन्तरिक मूल्याङ्कन प्रक्रियामा सहभागिताका लागि निर्धारण गरिएको पाँच अङ्कको मूल्याङ्कन प्रक्रियालाई विद्यार्थीमैत्री बनाउन नसकिएको निष्कर्ष प्राप्त भएको छ। यस कथनमा ५८ प्रतिशत शिक्षार्थी र ६० प्रतिशत शिक्षक मात्र सकारात्मक देखिएका छन् । यसबाट उक्त आधारमा गरिएको मूल्याङ्कन विद्यार्थीमैत्री हुन नसकेको अवस्थालाई उजागर हुन्छ । यो आँकडाले सहभागिता शीर्षकमा व्यवस्था गरिएको अङ्क र त्यसको प्रभावकारितामा सीमा रहेको प्रमाणित गर्दछ ।

**शब्दकुन्जी :** आन्तरिक मूल्याङ्कन, उपस्थिति, सहभागिता, अभिमत ।

## पृष्ठभूमि

अङ्ग्रेजी भाषाको Semester शब्द Semistris (Six – monthly) बाट व्युत्पन्न भएको हो (अलि, १९९६, पृ. २५७)। शैक्षिक प्रणालीमा यो शब्द बढी प्रचलनमा देखिन्छ। विश्वमा हाल क्वाडमेस्टर, ट्राइमेस्टर, सेमेस्टर र वार्षिक गरी चार किसिमका शैक्षिक  प्रणालीहरू प्रयोगमा आएका छन् (पौडेल,

[8] डा. खनाल नेपाली शिक्षा केन्द्रीय विभाग, त्रि.वि. कीर्तिपुरमा उपप्राध्यापक हुनुहुन्छ। Email: sauravabhirk@gmail.com

२०७४) । सेमेस्टर र वार्षिक सबैभन्दा बढी प्रयोगमा आएका शैक्षिक प्रणाली हुन् (मजुम्दर, २०१०) । सिद्धान्ततः कुनै पनि शैक्षिक प्रणाली आफैँमा राम्रो वा नराम्रो हुँदैन, र प्रत्येक प्रणालीका आ-आफ्नै गुण र दोष हुन्छन् (पौडेल, २०७४) । सेमेस्टर प्रणालीको महत्त्वपूर्ण अङ्ग मानिएको आन्तरिक मूल्याङ्कनले सिकारु तथा शिक्षक दुवैलाई आआफ्नो कार्यप्रक्रियाप्रति उत्प्रेरित गर्छ । कक्षा प्रगति परीक्षणबाट सिकारुका सिकाइगत प्रगति, शिक्षणको प्रभावकारिता पहिचान गर्न सकिन्छ भने पाठ्यक्रमका उद्देश्य प्राप्तितर्फ सिकारुलाई परिलक्षित गर्न सकिन्छ ।

आन्तरिक मूल्याङ्कनले सिकारुलाई सिकाइप्रति थप उत्प्रेरित गर्दछ (खनिया, २०१३, पृ. १११) । आन्तरिक मूल्याङ्कन एउटा सामाजिक सिकाइको परिवेश हो जहाँ अन्तर्क्रिया र सञ्चारको अभिवृद्धि हुन्छ, उद्देश्य प्राप्तिमा छलफल हुन्छ र शिक्षार्थी शिक्षार्थीबिच एवम् शिक्षक शिक्षार्थीबिच पृष्ठपोषण आदानप्रदान हुन्छ । तसर्थ यो शिक्षण सिकाइको सहकार्यात्मक सन्दर्भ हो (फल्चर एन्ड डेभिड्सन, २०११, पृ. २९) । निर्माणात्मक मूल्याङ्कनबाट शैक्षणिक एकाइमा रहेका सिकाइजनित कठिनाइहरू पहिचान गर्न सकिन्छ (पाठक, २०१२, पृ. २९) । उपर्युक्त मान्यताले शिक्षण सिकाइ प्रक्रियामा आन्तरिक मूल्याङ्कनको उच्च महत्ता तथा सान्दर्भिकता पुष्टि गर्दछन् । एउटा शैक्षिक कार्यक्रम वा सत्र छ महिनामा सम्पन्न गर्ने प्रणालीलाई सामान्यतया सेमेस्टर प्रणालीका रूपमा लिइन्छ । अहिले शैक्षिक जगत्मा सेमेस्टर प्रणाली प्रचलित सफल तथा विद्यार्थीमैत्री कार्यक्रम बनेको छ । त्रिभुवन विश्वविद्यालयले सेमेस्टर प्रणलीको समग्र मूल्याङ्कनमध्ये आन्तरिक मूल्याङ्कनका लागि ४०% अङ्क तथा बाह्य मूल्याङ्कन ६०% अङ्क निर्धारण गरेको छ । तसर्थ आन्तरिक मूल्याङ्कन निर्माणात्मक वा सुधारात्मक मात्र नभई निर्णयात्मक पनि बनेको छ ।

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायले सञ्चालन गरेको स्नातकोत्तर तहको आन्तरिक मूल्याङ्कनका लागि निर्धारण गरिएको ४०% अङ्कभारमा उपस्थितिका निम्ति-५ अङ्क निर्धारण गरिएको छ भने शिक्षण सिकाइमा सहभागितामा - ५ अङ्क छुट्ट्याइएको छ । त्यस्तै, पहिलो आन्तरिक परीक्षा (अध्ययनपत्र लेखन, पुस्तक समीक्षा, लेख पुनरावलोकन, कुनै विषय शीर्षक केन्द्रित अध्ययन पत्र तयारी, आन्तरिक परीक्षा, एकाइ परीक्षा, ज्ञान/प्रतिभा परीक्षण) का लागि - १० अङ्क तथा दोस्रो आन्तरिक परीक्षा (परियोजना कार्य, अवस्था/घटना अध्ययन, गोष्ठी, क्षेत्रकार्य, व्यक्तिगत वा समूहगत प्रतिवेदन लेखन, द्वितीय स्रोत सामग्रीमा आधारित अध्ययनपत्र लेखन, पूर्वाध्ययन, पुनरावलोकन र अभिलेखीकरण) का लागि - १० अङ्क निर्धारण गरिएको छ । त्यसैगरी तेस्रो आन्तरिक परीक्षाका लागि - १० अङ्क छुट्ट्याइएको छ (शिक्षाशास्त्र सङ्काय, २०७२) । त्रिभुवन विश्वद्यिालयअन्तर्गतका सबै क्याम्पस तथा

विभागहरूमा उल्लिखित ढाँचामा अङ्कन गर्नुपर्ने जनाइएको छ । यसो भए पनि उपस्थितिको अङ्कनका सवालमा त पाठ्यांशले नै ९० प्रतिशतभन्दा माथि उपस्थित हुनेलाई ५ अङ्क र ८० देखि ८९ प्रतिशत उपस्थितिका लागि ४ अङ्क तथा ८० प्रतिशतभन्दा कम उपस्थिति हुने विद्यार्थीलाई मूल्याङ्कनमा सहभागी गराउन नसकिने भनी प्रस्ट पारेको (शिक्षाशास्त्र सङ्काय, २०७२) । तर सहभागिताको अङ्कन कसरी गर्ने भन्नेबारेमा स्पष्ट खाका दिइएको छैन । यस्तो परिस्थितिमा उपस्थिति र सहभागितामा गरिएको अङ्कनप्रति शिक्षक तथा शिक्षार्थीको अभिमत पहिचान गर्ने जिज्ञासामा प्रस्तुत आलेख तयार पारिएको छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको मूल उद्देश्य त्रिभुवन विश्वविद्यालयमा शिक्षाशास्त्र स्नातकोत्तर तहमा सञ्चालित सेमेस्टर प्रणालीको आन्तरिक मूल्याङ्कनमा उपस्थिति र सहभागिताको अङ्कनप्रति सरोकारवालाको प्रतिक्रिया विश्लेषण गर्नु हो ।

## अध्ययनविधि र प्रक्रिया

प्रस्तुत अध्ययन परिमाणात्मक प्रकृतिको बनेको छ । तथ्य सङ्कलनमा क्षेत्रीय सर्वेक्षण विधि र प्रस्तुतिमा मूलतः वर्णनात्मक विधि अपनाइएको छ । प्रस्तुतिलाई सघन तथा प्रभाशाली तुल्याउन स्तम्भचित्र तथा वृत्तचित्रको पनि समीचीन उपयोग गरिएको छ । नमुना छनोटमा सुविधाजनक प्रक्रियाबाट अपनाइएको  यस अध्ययनमा अध्ययनमा काठमाडौँ उपत्यकाभित्रका शिक्षाशास्त्रअर्न्तगत स्नातकोत्तर तह सञ्चालन भएका त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पस विश्वविद्यालय क्याम्पस, महेन्द्ररत्न क्याम्पस तथा सानोठिमी क्याम्पस गरी जम्मा तीनओटा क्याम्पसका शिक्षक तथा शिक्षार्थीमध्ये २५ जना शिक्षक र २०७५/०७६ मा उक्त तहको दोस्रो, तेस्रो तथा चौथो समेस्टरमा अध्ययनरत १०० जना शिक्षार्थी नै नमुना जनसङ्ख्या रहेका छन् । निर्दिष्ट शिक्षक एवम् शिक्षार्थीबाट प्राप्त अभिमत यस अध्ययनका प्राथमिक स्रोत बनेका छन् । त्यस्तै, मूल्याङ्कनसँग सम्बद्ध विविध सैद्धान्तिक ग्रन्थ, सम्बन्धित अनुसन्धान प्रतिवेदन एवम् विशेषज्ञका सुझावहरू द्वितीयक स्रोतका रूपमा रहेका छन् ।

प्रस्तुत अध्ययनमा शिक्षक तथा शिक्षार्थीको अभिमत पहिचान गर्नका लाीग आन्तरिक मूल्याङ्कनसँग सम्बन्धित मतावली बनाइएको छ । शिक्षकका र शिक्षार्थीका लागि एउटै प्रकृतिका कथन तयार पारी उक्त कथनमा अभिमत लिइएको छ । प्रस्तुत अध्ययनमा शिक्षार्थीको सक्षमता विकास र

पृष्ठपोषणमा आन्तरिक मूल्याङ्कनको भूमिकासम्बन्धी कथन तयार गरी शिक्षक तथा शिक्षार्थीबाट अभिमत लिइएको छ। अभिमतहरू लिकर्ट (१-५ जस्तै, पूर्ण सहमत, सहमत, अनिर्णित, असहमत तथा पूर्ण असहमत) स्केलका आधारमा लिई तिनको विश्लेषण गरिएको छ । उक्त पाँचओटा विकल्पनमध्ये कुनै एउटामा रेजा लगाउने प्रबन्ध गरिएको छ । शिक्षार्थी तथा शिक्षकहरूबाट अभिमतलाई आधार बनाई निष्कर्ष निकालिएको छ ।

यस लेखमा प्राप्त अभिमतको साङ्ख्यिकीय विश्लेषण गरी वृत्तचित्र एवम् स्तम्भचित्रमार्फत शिक्षक तथा शिक्षार्थीका दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । विश्लेषण गर्दा मूलतः सकारात्मक र नकारात्मक धारणाका रूपमा प्रस्ट्याइएको छ। पूर्ण सहमत र सहमतलाई सकारात्मक ठानी विश्लेषण गरिएको छ। असहमत र पूर्ण असहमतलाई नकारात्मक पक्षमा विश्लेषण गरिएको छ भने अनिर्णितलाई तटस्थ मानिएको छ। विश्लेषण गर्दा प्रतिशताङ्कलाई प्राधान्य दिइएको यस लेखमा तथ्याङ्क विश्लेषण गर्दा ५० प्रतिशतभन्दा कम सकारात्मक अभिमत प्राप्त कथनमा नराम्रो वा कमजोर स्तरको प्रतिक्रिया मानिएको छ। ५० देखि ६९ प्रतिशतसम्म सकारात्मक अभिमत रहेका सूचकमा मध्यम वा ठिकै ठानिएको छ । ७० देखि ७९ प्रतिशत सकारात्मक अभिमत देखिएका कथन सन्तोषजनक मानिएको छ भने ८० देखि ८९ सम्मको सकारात्ममक अभिमतलाई उत्तम वा राम्रो ठहर्‍याइएको छ। त्यस्तै ९० प्रतिशतभन्दा माथि सकारात्मक अभिमत प्राप्त भएका कथनको विश्लेषण गरिएको छ ।

## उपस्थितिको अङ्क तथा सहभागित मापन प्रक्रिया

उपस्थितिले कुनै कार्यप्रक्रियामा सम्बन्धित व्यक्तिको प्रत्यक्ष संलग्नतालाई जनाउँछ । शिक्षण सिकाइका सन्दर्भमा कुनै कक्षामा शिक्षर्थी तथा शिक्षकको आमनेसामने अवस्था नै उपस्थिति मान्न सकिन्छ। सेमेस्टर प्रणालीमा व्यवस्था गरिएको उपस्थितिबापतको अङ्कका कारण सिकारुहरू कक्षामा नियमित हुने र सिकाइ उपलब्धिमा सुधार आउने देखिन्छ (पाठक, २०१२, पृ. २९) । त्यस्तै, विद्यार्थीको प्रत्यक्ष उपस्थितिले उनीहरूमा रहेका सिकाइजनित समस्याहरूको निराकरणका लागि पनि सहयोग गर्दछ (खनिया, २०१३, पृ. १११) । उपस्थितिमा अङ्क निर्धारण गरिएकाले विद्यार्थीहरू नियमित उपस्थित हुन भरसक प्रयत्न गर्दछन् । साथै प्रत्यक्ष उपस्थितिमा अन्तरसंवाद, हाउभाउ, मनोवृत्ति एवम् सक्रियताबाट सिकाइ प्रभावकारी हुने हुँदा उपस्थिति आवश्यक मानिन्छ। अङ्कका कारण विद्यार्थीलाई उपस्थितिमा बाध्यात्मक उत्प्रेरणा पनि निर्माण हुने भएकाले यसको औचित्य स्पष्ट हुन्छ ।


आन्तरिक मूल्याङ्कन प्रक्रियामा शिक्षार्थीको कक्षा सहभागितामा पाँच अङ्क निर्धारण गरिएको छ । उपस्थिति मात्र सहभागिताको कसी होइन । अनुपस्थित व्यक्तिबाट सहभागिता प्रदर्शनको त सम्भावना नै हुँदैन तर उपस्थित भएका व्यक्ति सबै कार्यप्रक्रियामा सहभागी नहुन पनि सक्छन् । शिक्षण सिकाइ प्रक्रियामा अन्तर्संवाद गर्नु, छलफल गर्नु, प्रदर्शन गर्नु, प्रश्नोत्तर गर्नु आदि क्रियाले सहभागिताको जनाउ दिन्छन् । सक्रिय भूमिकासहित विद्यार्थीको सहभागिता बढोस् र सिकाइ उपलब्धि अपेक्षित बनोस् भन्ने हेतुले उक्त व्यवस्था गरिएको अनुभूत हुन्छ । सहभागिताको अङ्क दिँदा विद्यार्थीको वास्तविक सक्रियता तथा कार्यकलापलाई आधार बनाउनु आवश्यक भए पनि पाठ्यांशले त्यसको अङ्कन ढाँचामा भने स्पष्ट निर्देश गरेको पाइँदैन ।

## परिणाम तथा विश्लेषण

आन्तरिक मूल्याङ्कनमा व्यवस्था गरिएको उपस्थितिका लागि दिइने पाँच अङ्क उपयुक्त छ भन्ने कथनमा मतदाताहरू सकारात्मक रहेको पाइयो । सेमेस्टर प्रणालीमा व्यवस्था गरिएको उपस्थितिबापतको अङ्कका कारण सिकारुहरू कक्षामा नियमित हुने र सिकाइ उपलब्धिमा सुधार आउने देखिन्छ । त्यस्तै, विद्यार्थीको प्रत्यक्ष उपस्थितिले उनीहरूमा रहेका सिकाइजनित समस्याहरूको निराकरणका लागि पनि  सहयोग गर्दछ । उपस्थितिमा अङ्क निर्धारण गरिएकाले विद्यार्थीहरू नियमित उपस्थित हुन भरसक प्रयत्न गर्दछन् । साथै प्रत्यक्ष उपस्थितिमा अन्तरसंवाद, हाउभाउ, मनोवृत्ति एवम् सक्रियताबाट सिकाइ प्रभावकारी हुने हुँदा उपस्थिति आवश्यक मानिन्छ । अङ्कका कारण विद्यार्थीलाई उपस्थितिमा बाध्यात्मक उत्प्रेरणा पनि निर्माण हुने भएकाले यसको औचित्य स्पष्ट हुन्छ । त्यस्तै, आन्तरिक मूल्याङ्कन प्रक्रियामा शिक्षार्थीको कक्षा सहभागितामा पाँच अङ्क निर्धारण गरिएको छ । विद्यार्थीको सहभागिता बढोस् र सिकाइ उपलब्धि अपेक्षित बनोस् भन्ने हेतुले उक्त व्यवस्था गरिएको अनुभूत हुन्छ । सहभागिताको अङ्क दिँदा विद्यार्थीको वास्तविक सक्रियता तथा कार्यकलापलाई आधार बनाएर तटस्थ मापन गरिएको छ वा हचुवामा दिइएको छ भन्ने जिज्ञासा शमन गर्नका लागि  यो सूचक स्थापना गरिएको हो । यस सूचकमा विद्यार्थीलाई उपलब्ध गराइएको अङ्क विद्यार्थीमैत्री छ वा छैन र प्रदान गरिएको अङक विश्वसनीय छ वा छैन भनी प्रतिक्रिया लिइएको छ ।

**उपस्थितिको अङ्कनप्रति शिक्षकको अभिमत:** अध्ययनमा सहभागी बनाइएका २५ जना शिक्षकहरूमध्ये १६ जना अर्थात् ६४ प्रतिशतले यसको व्यवस्थाप्रति पूर्ण सहमति जनाएका छन् भने ७

जना अर्थात् २८ प्रतिशतले सहमति जनाएका छन् । मात्र २ जनाले सहमति तथा असहमति नजनाई निर्णय दिन नचाहेको जनाएका छन् । पूर्ण सहमति तथा सहमति जनाउने शिक्षकहरू जम्मा ९२ प्रतिशत देखिनुले उपस्थितिमा छुट्ट्याइएको पाँच अङ्क उपयुक्त र आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ । उपर्युक्त आँकडालाई वृत्तचित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :





*चित्र १.* उपस्थितिको अङ्कनप्रति शिक्षकको अभिमत

उपर्युक्त वृत्तचित्रमा देखाइएबाट पनि प्रस्ट हुन्छ कि उपस्थितिका लागि सेमस्टरको पाठ्यांशले सुनिश्चित गरेको पाँच अङ्क उपयुक्त छ । यस कथनमा अनुसन्धानमा सर्वेक्षणमा परेका शिक्षकमध्ये असहमत हुने र पूर्ण असहमत हुनेको सङ्ख्या नै नदेखिनु र अनिर्णित वा ठोस प्रतिक्रिया दिन नचाहने अर्थात् निर्णायक मत दिन नसक्नेको सङ्ख्या अत्यन्त न्युन हुनुले यस कथनप्रतिको अभिमतको स्तर अत्यन्त राम्रो वा उत्कृष्ट मान्न सकिन्छ । तसर्थ उपस्थितिका लागि निर्धारण गरिएको पाँच अङ्कको उच्च महत्ता सिद्ध गर्दछ ।

**उपस्थितिको अङ्कनप्रति शिक्षार्थीको अभिमतः** आन्तरिक मूल्याङ्कनमा व्यवस्था गरिएको उपस्थितिका लागि दिइने पाँच अङ्क उपयुक्त छ भन्ने कथनमा मतदाताहरू अत्यन्त सकारात्मक रहेको पाइयो । उपस्थितिको अङ्कका कारण शिक्षार्थीलाई उपस्थितिमा विशेष उत्प्रेरणा प्राप्त हुन्छ । अध्ययनमा सहभागी १०० जना शिक्षार्थीहरूमध्ये ७० जना अर्थात् ७० प्रतिशतले यसको व्यवस्थाप्रति पूर्ण सहमति

जनाएका छन् भने २८ जना अर्थात् २८ प्रतिशतले सहमति जनाएका छन् । मात्र २ जनाले असहमति जनाएका छन् । पूर्ण सहमति तथा सहमति जनाउने शिक्षार्थीहरू जम्मा ९८ प्रतिशत देखिनुले उपस्थितिमा छुट्ट्याइएको पाँच अङ्क उपयुक्त र आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ । उपर्युक्त आँकडालाई स्तम्भचित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :





*चित्र २.* उपस्थितिको अङ्कनप्रति शिक्षकको अभिमत

उपर्युक्त स्तम्भचित्रमा देखाइएबाट पनि प्रस्ट हुन्छ कि उपस्थितिका लागि सेमस्टरको पाठ्यांशले सुनिश्चित गरेको पाँच अङ्क उपयुक्त छ । यस कथनमा अनुसन्धानमा सर्वेक्षणमा परेका शिक्षार्थीमध्ये असहमत हुनेको सङ्ख्या जम्मा २ प्रतिशत रहनुले उपस्थितिका लागि निर्धारण गरिएको पाँच अङ्क अत्यन्त महत्त्वपूर्ण रहेको सिद्ध हुन्छ ।

**उपस्थितिको अङ्कनप्रतिको अभिमतको तुलना.** आन्तरिक मूल्याङ्कनमा व्यवस्था गरिएको उपस्थितिका लागि दिइने पाँच अङ्क उपयुक्त छ भन्ने कथनमा मतदाताहरू सकारात्मक रहेको पाइयो


। सेमेस्टर प्रणालीमा व्यवस्था गरिएको उपस्थिति बापतको अङ्कका कारण सिकारुहरू कक्षामा नियमित हुन्छन् र सिकाइ उपलब्धिमा समेत सुधार आउँछ भन्ने विश्वास गरिन्छ । त्यस्तै, विद्यार्थीको प्रत्यक्ष उपस्थितिले सिकाइजनित समस्याहरू पहिचान र समाधान गर्न सकिन्छ । उपस्थितिमा अङ्क निर्धारण गरिएकाले विद्यार्थीहरू नियमित उपस्थित हुन भरसक प्रयत्न गर्दछन् । साथै प्रत्यक्ष उपस्थितिमा अन्तरसंवाद, हाउभाउ, मनोवृत्ति एवम् सक्रियताबाट सिकाइ प्रभावकारी हुने हुँदा उपस्थिति आवश्यक मानिन्छ । अङ्कका कारण विद्यार्थीलाई उपस्थितिमा बाध्यात्मक उत्प्रेरणा पनि निर्माण हुने भएकाले यसको औचित्य स्पष्ट हुन्छ। अध्ययनमा सहभागी ६४ प्रतिशत शिक्षकहरू र ७० प्रतिशत शिक्षार्थीहरूले यसको व्यवस्थाप्रति पूर्ण सहमति जनाएका छन् भने दुवैतर्फका २८ प्रतिशतले सहमति जनाएका छन् । ८ प्रतिशत शिक्षकले निर्णय दिन नचाहेको जनाएका छन् भने २ प्रतिशत शिक्षार्थीले असहमति जनाएका छन् । पूर्ण सहमति तथा सहमति जनाउने शिक्षकहरू जम्मा ९२ प्रतिशत र शिक्षार्थीहरू ९८ प्रतिशत देखिनुले उपस्थितिमा छुट्ट्याइएको पाँच अङ्क उपयुक्त र आवश्यक रहेको निष्कर्ष निकाल्न सकिन्छ । उपर्युक्त आँकडालाई स्तम्भचित्रमा यसरी प्रस्तुत गर्न सकिन्छ :




*चित्र ३.* उपस्थितिको अङ्कनप्रतिको अभिमतको तुलना

उपर्युक्त स्तम्भचित्रमा देखाइएबाट पनि प्रस्ट हुन्छ कि उपस्थितिका लागि सेमस्टरको पाठ्यांशले सुनिश्चित गरेको पाँच अङ्क उपयुक्त छ । यस कथनमा अनुसन्धानमा सर्वेक्षणमा परेका शिक्षक तथा शिक्षार्थीहरूमध्ये दुवैतर्फबाट अत्यन्त सकारात्मक प्रतिक्रिया आएकाले पनि यस सवालमा निर्धारण गरिएको पाँच अङ्कको उच्च महत्ता सिद्ध गर्दछ । उक्त कथनमा शिक्षक तथा शिक्षार्थी समान र सकारात्मक अभिमत प्राप्त भएको छ । शिक्षकभन्दा अझ ६ प्रतिशत बढी विद्यार्थीहरू यस कथनप्रति सकारात्मक रहेको पाइयो ।

**सहभागिताको मापन प्रक्रियाप्रति शिक्षकको अभिमत.** 'सहभागितामा प्रदान गरिने पाँच अङ्क विद्यार्थीमैत्री र विश्वसनीय छ' भन्ने कथन निर्माण गरी शिक्षकहरूको मत सर्वेक्षण गरिएको थियो । यस कथनमा मतदाताहरू मिश्रित प्रतिक्रिया आयो । सेमेस्टर प्रणालीमा व्यवस्था गरिएबमोजिम प्रदान गरिएको सहभागिताको अङ्क विद्यार्थीमैत्री हुन नसकेको अनुभव प्राप्त तथ्याङ्कबाट गर्न सकिन्छ । यस कथनमा २० प्रतिशतले पूर्ण सहमति जनाएको पाइयो । त्यस्तै, ४० प्रतिशत शिक्षकहरू यस कथनमा सहमत नै देखिएका छन् । यसले जम्मा ६० प्रतिशत शिक्षकबाट यस कथनमा सकारात्मक प्रतिक्रिया आउनु राम्रो नतिजा हो भन्न सकिँदैन । आठ प्रतिशतले निर्णायक प्रतिक्रिया दिएका छैनन् भने ३२ प्रतिशत शिक्षकहरूले त नकारात्मक अभिमत जाहेर गरेको पाइयो । २० प्रतिशत शिक्षक उक्त कथनप्रति असहमत छन् भने १२ प्रतिशतले त पूर्ण असहमति जनाएका छन् । यस तथ्याङ्कलाई तलको वृत्तचित्रले अझ स्पष्ट पार्न मद्दत गर्दछ :





*चित्र ४.* सहभागिताको मापन प्रक्रियाप्रति शिक्षकको अभिमत

उपर्युक्त वृत्तचित्रमा देखाइएबाट पनि प्रस्ट हुन्छ कि सहभागिताका लागि निर्धारण गरिएको अङ्क न त विद्यार्थीमैत्री बन्न सकेको छ न त विश्वसनीय नै छ । यस अभिमतले निर्दिष्ट कथनमा सन्तोषजनक स्थिति मात्र सङ्केत गर्दछ । स्नातकोत्तर तहमा प्राध्यापनरत शिक्षकहरू जसले विद्यार्थीलाई उक्त आधारमा अङ्क प्रदान गर्दछन्, तिनैले आफैंले दिएको अङ्क विश्वसनीय र विद्यार्थीमैत्री छैन भनी मत जाहेर गर्नु अत्यन्त सोचनीय विषय हो । अझ उक्त मापन प्रक्रियाप्रति असहमति र पूर्ण असहमति प्रकट गर्नुले यस आधार वा यसको मापन प्रक्रिया पुनरवलोकन गर्नुपर्ने आवश्यकता प्रस्टै देखिन्छ । यस अध्ययनबाट प्राप्त अभिमतले सहभागिताका लागि कसरी अङ्क प्रदान गर्ने भन्नेबारेमा शिक्षकहरूलाई नै पर्याप्त प्रशिक्षण गरी सुसूचित गर्नुको अनिवार्य भएको स्पष्ट पार्दछ ।

**सहभागिताको मापन प्रक्रियाप्रति शिक्षार्थीको अभिमत.** शक्षार्थीको सहभागिता बढोस् र सिकाइ उपलब्धि अपेक्षित बनोस् भन्ने हेतुले आन्तरिक मूल्याङ्कन प्रक्रियामा शिक्षार्थीको कक्षा सहभागितामा पाँच अङ्क निर्धारण गरिएको अनुभव गर्न सकिन्छ । यो सूचक सहभागिताको अङ्क दिँदा शिक्षार्थीको वास्तविक सक्रियता तथा कार्यकलापलाई आधार बनाएर तटस्थ मापन गरिएको छ वा छैन भन्ने जिज्ञासामा केन्द्रित छ । 'सहभागितामा प्रदान गरिने पाँच अङ्क शिक्षार्थीमैत्री र विश्वसनीय छ' भन्ने कथन निर्माण गरी शिक्षार्थीहरूको मत सर्वेक्षण गरिएको थियो । यस कथनमा शिक्षार्थीहरूको मध्यम स्तरको प्रतिक्रिया आयो ।

यस कथनमा प्राप्त अभिमतका आधारमा सेमेस्टर प्रणालीमा व्यवस्था गरिएबमोजिम प्रदान गरिएको सहभागिताको अङ्क शिक्षार्थीमैत्री हुन नसकेको अनुभव गर्न सकिन्छ । यस कथनमा १० प्रतिशतले पूर्ण सहमति जनाएको पाइयो । त्यस्तै, ४८ प्रतिशत शिक्षार्थीहरू यस कथनमा सहमत नै देखिएका छन् । यसले जम्मा ५८ प्रतिशत शिक्षार्थीबाट यस कथनमा सकारात्मक प्रतिक्रिया आउनुले राम्रो अर्थ राख्दैन । १४ प्रतिशतले निर्णायक प्रतिक्रिया दिएका छैनन् भने २८ प्रतिशत शिक्षार्थीहरूले त नकारात्मक अभिमत जाहेर गरेको पाइयो । २५ प्रतिशत शिक्षार्थी उक्त कथनप्रति असहमत छन् भने ३ प्रतिशतले त पूर्ण असहमति जनाएका छन् । यस तथ्याङ्कलाई तलको स्तम्भचित्रले थप स्पष्ट पार्न मद्दत गर्दछ :





*चित्र ५.* सहभागितामा मापन प्रक्रियाप्रतिको अभिमत

उपर्युक्त स्तम्भचित्रमा देखाइएबाट पनि प्रस्ट हुन्छ कि सहभागिताका लागि निर्धारण गरिएको अङ्क न त शिक्षार्थीमैत्री देखिन्छ न त विश्वसनीय देखिन्छ। स्नातकोत्तर तहमा अध्ययनरत शिक्षार्थीका प्रतिनिधि १०० जना शिक्षार्थीमध्ये ४२ जना शिक्षार्थीहरूले प्राप्त गरेको अङ्क विश्वसनीय र शिक्षार्थीमैत्री छ भनी सकारात्मक मत जाहेर गर्न सकेका छैनन् । यसले उक्त सूचकमा गरिएको मापन प्रक्रिया मध्यम स्तरमा सञ्चालन भएको जनाउँछ । यस कथनमा प्राप्त अभिमतले शिक्षार्थीहरूको सन्तुष्टि मध्यम स्तरको रहेको जनाउँछ । तसर्थ यसको मापन प्रक्रिया पुनरवलोकन गर्नुपर्ने आवश्यकता प्रस्टै देखिन्छ ।

**सहभागिताको मापन प्रक्रियाप्रतिको अभिमतको तुलना.** प्रस्तुत सूचकमा विद्यार्थीलाई उपलब्ध गराइएको अङ्क विद्यार्थीमैत्री छ वा छैन र प्रदान गरिएको अङक विश्वसनीय छ वा छैन भनी प्रतिक्रिया लिइएको छ। यसका लागि 'सहभागितामा प्रदान गरिने पाँच अङ्क विद्यार्थीमैत्री र विश्वसनीय छ' भन्ने कथन निर्माण गरी शिक्षक तथा शिक्षार्थीहरूको मत सर्वेक्षण गरिएको थियो। यस कथनमा मतदाताहरू मिश्रित प्रतिक्रिया आयो ।

सेमेस्टर प्रणालीमा व्यवस्था गरिएबमोजिम प्रदान गरिएको सहभागिताको अङ्क विद्यार्थीमैत्री हुन नसकेको अनुभव प्राप्त तथ्याङ्कबाट गर्न सकिन्छ । यस कथनमा २० प्रतिशत शिक्षक र १० प्रतिशतशिक्षार्थीले मात्र पूर्ण सहमति जनाएको पाइयो । त्यस्तै, ४० प्रतिशत शिक्षक र ४८ प्रतिशत

शिक्षार्थीहरू यस कथनमा सहमत नै देखिएका छन् । यसरी जम्मा ६० प्रतिशत शिक्षक तथा ५८ प्रतिशत शिक्षार्थीबाट यस कथनमा सकारात्मक प्रतिक्रिया आउनु राम्रो नतिजा हो भन्न सकिँदैन । यस तथ्याङ्कलाई तलको स्तम्भचित्रले अझ स्पष्ट पार्न मद्दत गर्दछ :




*चित्र ६.* सहभागिताक मापन प्रक्रियाप्रतिको अभिमतको तुलना

उपर्युक्त स्तम्भचित्रमा देखाइएबाट पनि प्रस्ट हुन्छ कि सहभागिताका लागि निर्धारण गरिएको अङ्क न त विद्यार्थीमैत्री बन्न सकेको छ न त विश्वसनीय नै छ । आठ प्रतिशत शिक्षक तथा १४ प्रतिशत शिक्षार्थीले निर्णायक प्रतिक्रिया दिएका छैनन् भने ३२ प्रतिशत शिक्षक र २८ प्रतिशत शिक्षार्थीहरूले त नकारात्मक अभिमत जाहेर गरेको पाइयो । अङ्क प्रदान गर्ने शिक्षक तथा अङ्क प्राप्त गर्ने शिक्षार्थीको अभिमत समान प्रकृतिको पाइयो । सकारात्मक अभिमततर्फ शिक्षकका तुलनामा २ प्रतिशत कम शिक्षार्थीको मत सकारात्मक देखिए पनि यस कथनप्रतिको बुझाइ र भोगाइ उस्तै रहेको आँकडा प्राप्त भएको छ । शिक्षकको अभिमत यस्तो देखिनु अत्यन्त गम्भीर सवाल हो किनकि सहभागिताका मापन गर्ने व्यक्ति नै शिक्षक हुन् । तसर्थ यस आधारअन्तर्गत गरिने मापन प्रक्रिया पुनरवलोकन गरी वस्तुगत, पारदर्शी तथा विशिष्ट बनाउनुपर्ने देखिन्छ ।

## निचोड

प्रस्तुत अध्ययनबाट पाठ्यक्रमको प्रावधानअनरूपको विद्यार्थीहरूको उपस्थितिबापतको अङ्कन र त्यसको विश्वसनीयता राम्रो रहेको प्रतिक्रिया प्राप्त भएको छ । उपस्थितिसम्बन्धी कथनमा शिक्षकको

९२ प्रतिशत र शिक्षार्थीको ९८ प्रतिशत सकारात्मक अभिमत प्राप्त भएको छ । यस अभिमतले उक्त आधार तथा त्यसको अङ्कन प्रक्रिया दुवैको सान्दर्भिकता पुष्टि गरेको छ । यसबाट आन्तरिक मूल्याङ्कन प्रक्रियामा उपस्थितिका लागि व्यवस्था गरिएको पाँच अङ्क र त्यसको अङ्कन प्रणालीप्रति शिक्षक एवम् शिक्षार्थी विश्वस्त भएको प्रमाणित हुन्छ । अर्कातर्फ आन्तरिक मूल्याङ्कन प्रक्रियामा सहभागिताका लागि निर्धारण गरिएको पाँच अङ्कको मूल्याङ्कन प्रक्रियालाई भने अपेक्षित तथा विद्यार्थीमैत्री बनाउन नसकिएको अभिमत प्राप्त भएको छ । उक्त कथनमा ५८ प्रतिशत शिक्षार्थी र ६० प्रतिशत शिक्षकले मात्र सकारात्मक प्रतिक्रिया दिएका छन् । ४२ प्रतिशत शिक्षार्थी तथा ४० प्रतिशत शिक्षकले सहभागिकताको मापन प्रक्रियामा असहमति वा विमति राखेका छन् । यसले सहभागितामा गरिएको मूल्याङ्कन विद्यार्थीमैत्री हुन नसकेको अवस्थालाई उद्घाटन गर्दछ । यसबाट विद्यार्थी सहभागिता शीर्षकमा व्यवस्था गरिएको अङ्क र त्यसको मापन प्रक्रियाको सान्दर्भिकता एवम् प्रभावकारिता कमजोर रहेको सिद्ध हुन्छ । तसर्थ सहभागिताका निम्ति गरिने मूल्याङ्कनका उपकरण एवम् सूचक स्पष्ट किटान गरी शिक्षार्थीलाई सुसूचित गर्नुपर्ने देखिन्छ भने शिक्षकले पारदर्शिता अपनाउनुपर्ने देखिन्छ ।

**सन्दर्भ सामग्रीहरू**

अलि, जे.जी. (सन् १९९६), *वेब्स्टर्स डिक्नरी,* युएसए : ओटेन्हेइमर पब्लिसर्स ।

खनिया, टि.आर. (सन् २०१३), *इक्जामिनेसन फर इन्ह्यान्सड लर्निङ;* एजुकेसनल एन्ड डिभ्लप्मेन्टल सर्भिस सेन्टर ।

पाठक, आर.पि.(सन् २०१२), *मिजरमेन्ट एन्ड इभालुएसन इन एजुकेसन,* दिल्ली : पियर्सन ।

पौडेल, एल. (२०७४), 'सेमेस्टर प्रणाली : समस्या  र सुधारका उपाय' प्रगतिशील प्राध्यापक सङ्गठनद्वारा

कीर्तिपुरमा आयोजित अन्तर्क्रिया कार्यक्रम २०७४ पुस, २१मा प्रस्तुत अवधारणापत्र ।

फल्चर, जि. एन्ड डेभिड्सन, एफ.(सन् २०११), *ल्याङ्ग्वेज टेस्टिङ एन्ड एसेस्मेन्ट,* लन्डन : रट्लेज ।

मजुम्दर, एम. (सन् २०१०), 'इन्ट्रडक्सन अफ सेमेस्टर सिस्टम इन इन्डियन कलेज', आसाम युनिभर्सिटी : सेमिनार पेपर ।

रेनल्ड्स, सि.आर. एन्ड अदर्स (सन् २०१८), *मिजरमेन्ट एन्ड एसेस्मेन्ट इन एजुकेसन,* इन्डिया : पियर्सन ।

शिक्षाशास्त्र सङ्काय (२०७२),*नेपाली शिक्षा पाठ्यक्रम,* स्नातकोत्तर तह, शिक्षाशास्त्र सङ्काय, त्रि.वि., कीर्तिपुर ।